"शिक्षा, कृषि, पर्यटन र पूर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शुक्रबारे, तेह्रथुम

प.सं. :- २०७४।७५          १ नं. प्रदेश नेपाल

च.नं. :-

६. मुल्यांकन समितिबाट भएको मुल्यांकनको आधारमा सवैभन्दा बढी रकम कवोल गरी बुझाउने व्यक्ति वा फर्मलाई कर संकलन गर्ने अख्तियारी सहित सम्झौता गरिनेछ ।

७. माथि उल्लेखित स्थानहरुमध्ये वार्षिक रुपमा गाउँपालिकालाई बुझाउनु पर्ने न्युनतम रकम शुक्रवारे बजारमा पाक्षिक रुपमा लाग्ने हाटबजारबाट रु.२०,०००।-, सनिश्चरे बजारमा साप्ताहिक रुपमा लाग्ने हाटबजारबाट रु.१५,०००।- र ओखेमा लाग्ने हाटबजारबाट रु.१०,०००।- कायम गरिएको छ ।

८. माथि उल्लेखित न्युनतम रकमलाई आधार मानि सो भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदाताहरु मध्ये सवै भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदातालाई कर संकलन गर्न छनौट गरी सम्झौता गरिनेछ ।

९. पटके सवारी करको सम्वन्धमा यस गाउँपालिका क्षेत्र वाहिर दर्ता भई संचालनमा रहेका सवारी साधनहरु यस गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्दा वा वाहिर जांदा एक पटक मात्र तोकिएको दर रेट बमोजिम संकलन गर्नु पर्नेछ ।

१०. पटके सवारी साधन करको न्युनतम वार्षिक रकम रु.२०,०००।- कायम गरिएको छ । सो न्युनतम अंक भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदाताहरु मध्ये सवै भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदातालाई मुल्यांकन समितिको सिफारिस अनुसार छनौट गरिनेछ ।

११. माथि उल्लेखित दुवै प्रकारका कर संकलन गर्न इच्छुक व्यक्ति वा फर्महरुले कार्यालयले तोकेको दरखास्त फाराम भरी प्रस्ताव पेश गर्नु पर्नेछ । उक्त दरखास्त फाराम रु.३००।- दस्तुर तिरी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१२. माथि उल्लेखित दुवै प्रकारका करहरु संकलन गर्न इच्छुक व्यक्ति, फर्म/कम्पनीको जिम्मेवार व्यक्ति छथर गाउँपालिका क्षेत्र भित्रको स्थायी वासीन्दा हुनु पर्नेछ ।

2074/05/25

...................

गोरखनाथ मिश्र

कार्यकारी अधिकृत